# काठमाडौं महानगरपालिका भौतिक पुर्वाधार मर्मत सम्भार कोष सञ्चालन निर्देशिका २०७०

## प्रस्तावना

काठमाडौं महानगरपालिकाद्धारा संचालन गरिएका विभिन्न भौतिक पुर्वाधार विकास सम्बन्धी कार्यहरुलाई नियमित मर्मत सम्भार तथा व्यवस्थापन गरी दिगो पुर्वाधार विकास कार्यक्रमहरु सञ्चालन गर्नू पर्ने भएको । जनसहभागितामुलक भौतिक पुर्वाधार विकासका कार्यहरुमा उपभोक्ताहरुको नियमित सहभागिताद्वारा भौतिक पुर्वाधार विकासमा स्थानीय बासिन्दाहरुको स्वामित्व ग्रहण गर्ने वातावरण बनाउन तथा स्थानीय स्वायत्त शासन ऐन नियम तथा स्थानीय निकाय सञ्चालन सम्बन्धी नेपाल सरकारबाट जारी भएका विभिन्न कार्यविधि निर्देशिकाहरुको कार्यान्वयनमा सहजता प्रदान गरी यस कार्यालयबाट सञ्चालन गरिने भौतिक पुर्वाधार विकास कार्यक्रमहरुलाई अझ बढी गूणस्तरीय, मितव्ययी, पारदर्शी तथा दिगो रुपमा व्यवस्थापन र सञ्चालन गर्न आवश्यक भएकाले स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २६५ (२) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिका भौतिक पुर्वाधार मर्मत सम्भार कोष सञ्चालन निर्देशिका २०७० बनाई लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ**

क) नाम "काठमाडौं महानगरपालिका भौतिक पुर्वाधार मर्मत सम्भार कोष सञ्चालन निर्देशिका" २०७०

ख) प्रारम्भ "यो निर्देशिका काठमाडौं महानगरपालिकाको नगरपरिषदबाट स्वीकृत भएको मितिबाट लागु हूनेछ" ।

२) **परिभाषा**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) मर्मत सम्भार भन्नाले – "काठमाडौं महानगरपालिकाले सञ्चालन गरेका सबै खालका योजनाहरुको नियमित मर्मत सम्भार, स्तरोन्ती गर्ने कार्यलाई सम्झनू पर्छ ।"

ख) ऐन भन्नाले- "स्थानीय स्वायत्त शासन २०५५ लाई सम्झनू पर्छ ।"

ग) नियम भन्नाले- "स्थानीय स्वायत्त शासन नियम २०५६ तथा स्थानीय निकायको आर्थिक प्रशासनलाई व्यवस्थित गर्न बनेको विनियम २०५६ समेतलाई सम्झनू पर्छ ।"

घ) बिभाग भन्नाले- "काठमाडौं महानगरपालिका अन्तर्गत रहेको भौतिक विकास तथा निर्माण विभागलाई सम्झनू पर्छ ।"

ङ)	समिति भन्नाले- "यस निर्देशिकाको दफा ३ बमोजिम गठित समितिलाई सम्झनू पर्छ ।"

च)	उपभोक्ता समिति भन्नाले- "परियोजनाबाट प्रत्यक्ष लाभान्वित जनसहभागिता मुलक पुर्वाधार विकासका लागि महानगरपालिकामा दर्ता भएको समितिलाई सम्झनू पर्छ ।"

छ)	सडक बोर्ड भन्नाले- "नेपाल सरकारले सडकको नियमित मर्मत सम्भारको लागि गठन गरेको बोर्डलाई सम्झनू पर्छ ।"

परिच्छेद २

## काठमाडौं महानगरपालिका भौतिक पुर्वाधार मर्मत सम्भार कोष सञ्चालन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३)	**समिति गठन :**

| | | |
|---|---|---|
| भौतिक विकास तथा निर्माण विभागका विभागीय प्रमूख | : | संयोजक |
| भौतिक विकास तथा निर्माण विभागको लेखा हेर्ने अधिकृत कर्मचारी | : | सदस्य |
| भौतिक विकास तथा निर्माण विभागको प्रशासन हेर्ने अधिकृत कर्मचारी | : | सदस्य सचिव |

४)	**समितिको काम, कर्तव्य र अधिकार :**

क)	काठमाडौं महानगर क्षेत्रभित्र रहेका भौतिक पुर्वाधारहरुको इन्भेन्ट्री तयार गर्ने, गर्न लगाउने ।

ख)	तयार गरिएको इन्भेन्ट्री अनूसार Routine mentainane (नियमित कार्य तालिका) निर्माण गरी Pre monson/Post monsoon मा गर्नू पर्ने नियमित मर्मत सम्भार र स्तरोन्तीको कार्यहरु गर्ने ।

ग)	महानगर क्षेत्र भित्रका सडक, ढल, फूटपाथ, सार्वजनिक स्थल आदिको अवस्था अध्ययन गरी म्यापिङ्ग गर्ने ।

घ)	सडक, ढल, पूरातात्विक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रहरुको नियमित मर्मत सम्भार, स्तरोन्तीको सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने ।

ङ)	तत्काल गर्नू पर्ने मर्मत सम्भार कार्यको लागि रु. १५ लाखसम्मको योजना तथा लागत इष्टिमेट स्वीकृत गर्न सिफारिस गर्ने ।

च)	मर्मत सम्भारको लागि आवश्यक स्रोत र साधनको व्यवस्थापन मिलाउने ।

छ)	नगर भित्रका भौतिक पुर्वाधार विकासको नियमित, मर्मत सम्भार, स्तरोन्ती कार्यलाई प्रभावकारी बनाउन सम्बन्धी सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय गरी कार्य गर्ने ।

ज) मर्मत सम्भार कार्यहरुको नियमित अनूगमन, मुल्यांकन गरी नियमित रुपमा प्रतिवेदनहरु पेश गर्ने । भएका खर्चहरुको फरफारक गर्ने व्यवस्था मिलाउने ।

५) **<u>मर्मत सम्भार कोष सम्बन्धी व्यवस्था :</u>**

क) काठमाडौं महानगरपालिकाद्वारा गरिने मर्मत सम्भार एवं स्तरोन्नती सम्बन्धी कार्यहरुका लागि खर्च गर्न स्थानीय स्वायत्त शासन निमयावली २०५६
(आर्थिक प्रशासन) बमोजिम को छुट्टै कोष स्थापना गरिनेछ ।

ख) उक्त कोष सञ्चालन भौतिक विकास तथा निर्माण विभागका बिभागीय प्रमूख, बिभागको लेखा हेर्ने अधिकृत कर्मचारीको संयूक्त दस्तखतबाट सञ्चालन हूनेछ ।

ग) कोषको सञ्चालन तथा अन्य व्यवस्थापकीय कार्यहरु स्थानीय निकायको प्रचलित कानुन अनूसार हूनेछ ।

घ) स्वीकृत बजेटको परिधिभित्र रहेर स्वीकृत कार्यक्रम अनूसार मात्र खर्च गर्न पाउनेछ ।

६) **<u>कोषमा प्राप्त हूने रकम :</u>**

क) काठमाडौं महानगरपालिकाले मर्मत सम्भारका लागि बार्षिक रुपमा छूट्टयाईएको रकम ।

ख) नेपाल सरकार सडक बोर्डबाट बार्षिक रुपमा मर्मत सम्भारको लागि प्राप्त हूने रकम ।

ग) महानगर क्षेत्रभित्रका भौतिक पुर्वाधार मर्मत, सम्भार तथा स्तरोन्तीको लागि सरकारी तथा गैर सरकारी निकायबाट प्राप्त ऋण, अनूदान तथा सहयोग रकम ।

घ) जनसहभागितामुलक माध्यमबाट सम्पन्न भएका योजनाहरुको नियमित मर्मत, सम्भारका लागि पनि प्रत्यक्ष लाभान्वित उपभोक्ता समुहबाट जम्मा भएको रकम ।

७) **<u>योजना छनौट तथा कार्यान्वयन प्रकृया :</u>**

क) भौतिक विकास तथा निर्माण विभागले तत्काल मर्मत सम्भार गर्नू पर्ने भनि स्थलगत रुपमा स्थानीय जनताको माग तथा सो लाई पूष्टि हूने प्राविधिक प्रतिवेदन प्राप्त भएका मर्मत सम्भार सम्बन्धी कार्यहरु छनौट गरी कार्यादेश भएको मितिले अधिकतम १ महिनाभित्रमा मर्मत सम्भार गरिसक्नू पर्नेछ ।

ख) महानगरपालिकाको लागत सहभागितामा सम्पन्न तथा उपभोक्ता मार्फत भएका भौतिक पुर्वाधार कार्यहरुको उपभोक्ता समितिले मर्मत सम्भारका


लागि कुल लागतको ४० प्रतिशत रकम जम्मा गरेमा उक्त कार्य प्राथमिकतामा राखी गर्ने ।

ग) स्थानीय स्वायत्त शासन नियम १५६ उपनियम (छ) अनूसार स्थानीय निकायबाट हस्तान्तरण भएका आयोजनाहरुको हकमा ६० प्रतिशत रकम त्यस्ता उपभोक्ता समितिबाट व्यहोर्ने मर्मत सम्भारका योजनाहरुलाई प्राथमिकतामा राखी छनौट गर्ने ।

परिच्छेद ३

८) **मर्मत सम्भार सम्बन्धी संस्थागत व्यवस्था :**

क) काठमाडौं महानगरपालिका क्षेत्रभित्र मर्मत सम्भार तथा स्तरोन्ती गर्नू पर्ने सडक लगायत भौतिक पुर्वाधारहरुको नियमित मर्मत सम्भार सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्न देहाय अनूसारको संस्थागत विकास गरिएको छ ।



९) **<u>कारवाही गरिने :</u>**

क) यस निर्देशिका स्वीकृत भई लागु भएपछि महानगर क्षेत्रभित्र सम्बन्धीत अधिकार प्राप्त अधिकारीले नियमित मर्मत सम्भार नगरेका कारण सार्वजनिक सम्पत्तीको हानी नोक्सानी हून गएको पाईएमा त्यस्ता अधिकारीलाई प्रमूख तथा कार्यकारीले कारवाही गर्न सक्नेछ ।

ख) तर स्रोत साधनको व्यवस्थापन तथा मेशिन उपकरणहरुको उपलब्धता जस्ता बिषयका कारण समयमानै मर्मत सम्भार हून नसकेको कूरा पृष्टि भएमा प्रकरण क अनूसारको कारवाहीमा पुन: विचार गर्न सक्नेछ ।

समाप्त